# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६

मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

## संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्याः

मितिः २०७५।१२।७

श्री प्रमुखज्यू,
झापा गाउँपालिका,
झापा ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट झापा गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.९१ लाख ४५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१३ लाख ४९ हजार, नियमित गर्नुपर्ने रु.१० लाख ३१ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.६४ लाख ६५ हजार र पेश्की रु.३ लाख रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।११।६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितको प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना १४ (चौध) यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# झापा गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाउँपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| सि नं | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत बर्षको जिम्मेवारी** | | १ | **चालु खर्च** | |
| | नगद | | | सशर्त अनुदान स्वास्थ्य | ८९४०१३२।५६ |
| | बैंक | ६१५६३५२।२२ | | सशर्त अनुदान आयुर्वेद | १३३७०१२।६० |
| २ | **राजस्व (आन्तरिक आय)** | | | सशर्त अनुदान पशु | २९५५००।०० |
| | आन्तरिक राजस्व | ३८५५८७२।८२ | | सशर्त अनुदान कृषि | ३१९५००।०० |
| | राजस्व बांडफांड | | | सशर्त अनुदान शिक्षा | ६४९९६३४३।८२ |
| | अन्य आय (वडा नं. १ को गतको आन्तरिक आय | ६१७४७।०० | | सामाजिक सुरक्षा भत्ता | ४७९०१६००।०० |
| | | | | वित्तिय समानीकरण चालु | २१७४२२०९।७० |
| ३ | **वित्तिय हस्तान्तरण** | | | आन्तरिक आय चालु | ४६०४६९५।७३ |
| | वित्तिय समानीकरण अनुदान | १९५८१९०००।०० | | सीमाक्षेत्र विकास कार्यक्रम चालु | २१४५०००।०० |
| | शसर्त अनुदान | ८४३५००००।०० | | स्था.शा.तथा सा.वि.कार्यक्रम चालु | ३६७३३३।३३ |
| | समपुरक अनुदान | | २ | **पुंजीगत खर्च** | |
| | विशेष अनुदान | | | वित्तिय समानीकरण पुंजीगत | १६३९६६१३२।३० |
| | सामाजिक सुरक्षा भत्ता | ४८६२६०००।०० | | आन्तरिक आय पुंजीगत | ६१७४७।०० |
| ४ | **केन्द्र सरकारबाट प्राप्त** | | | प्रदेश सरकार सशर्त | ८०००००।०० |
| | सीमाक्षेत्र विकास कार्यक्रम चालु | २१४५०००।०० | | सीमाक्षेत्र विकास कार्यक्रम पुजीगत | ८०८२०००।०० |
| | सीमाक्षेत्र विकास कार्यक्रम पुजीगत | ८०८२०००।०० | | स्था.शा.तथा सा.वि.कार्यक्रम पुंजीगत | ६०००००।०० |
| | स्था.शा.तथा सा.वि.कार्यक्रम चालु | ४६००००।०० | ३ | **वित्तिय व्यवस्था भूक्तानी** | |
| | स्था.शा.तथा सा.वि.कार्यक्रम पुंजीगत | ६०००००।०० | | ऋण भूक्तानी | |
| ५ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | व्याज भूक्तानी | |
| | वित्तिय समानीकरण अनुदान | | | अन्य भूक्तानी | |
| | शसर्त अनुदान | ८०००००।०० | ४ | **लगानी** | |
| | समपुरक अनुदान | | | ऋण लगानी | |
| | विशेष अनुदान | | | शेयर लगनी | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | अन्य लगानी | |
| ७ | **वित्तिय व्यवस्था प्राप्ति** | | ५ | **धरौटी फिर्ता** | |
| | ऋण प्राप्ति | | ६ | **को.ले.नि.का. फिर्ता** | |
| | सावां प्राप्ति | | | सशर्त अनुदानबाट | ८,४६१,५११.०२ |
| | व्याज प्राप्ति | | | सामाजिक सुरक्षा भत्ताबाट | ७२४,४००.०० |
| | अन्य प्राप्ति | | | स्था.शा.तथा सा.वि.कार्यक्रम चालु | ९२६६६।६७ |
| ८ | **विभिन्न कोषतर्फको आय** | | ७ | **कोष खर्च** | |
| | **प्र.व्य.कोष खाता k2CA051251452406** | ५,१२५,०००.०० | | | |
| | **म.सं.कोष खाता k2CA051251452405** | २,८२१,७६६.८३ | | | |
| | **क.क.कोष खाता k2CA051251452404** | ०.०० | | चालु तथा पुंजीगत खर्च खाताबाट अन्य कोष खातामा भएको ट्रान्सफर र गतको रकम | ७,९४६,७६६।८३ |
| ९ | **जनसहभागिता (नगद)** | | ८ | **मौज्दात** | |
| १० | **विषयगत निकायबाट प्राप्त रकम** | | | क) नगद मौज्दात | |
| ११ | **धरौटी आय** | **५१६५१५।००** | | ख) बैंक मौज्दात | |
| १२ | **लगानीको सावां फिर्ता** | | | मू.सं.कोष(k2CA051251452401) | १९८४३१८७३१ |
| १३ | **अन्य विविध आय** | **४३२५०००।००** | | धरौटी k2CA051251452407 | ५१६,५१५.०० |
| | जम्मा | ३६३७४४२५३.८७ | | जम्मा | ३६३,७४४,२५३.८७ |

| दफा.नं | भौ.नं./मिति र व्यहोराहरु | बेरुजू रकम रु. |
|---|---|---|
| १. | **जिम्मेवारी :** गतवर्षको जिम्मेवारी रु.५४८६७९९। रहेकोमा वर्डा नं. ३ र ४ को संयुक्त वार्ड कार्यालयबाट रु.१६९५५३।५२ आन्तरिक आय र रु. ५०००००। जिल्ला समन्वय समितिले विद्युतीकरणमा मूल खातामा राखेको समेत समावेश गरी रु.६६९५५३।५२ जिम्मेवारी बढ्न गएको छ । | |
| २. | **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रक कार्यलयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नु पार्ने व्यवस्था छ । तर गाउँरपालिकाले कारोवारमा विद्युतीय सफ्टवेयरको प्रयोग गरेकोमा महालेखा परीक्षकको स्वीकृत लिएको छैन । नियमानुसार स्वीकृत लिई बिद्युतीय लेखा प्रणाली मार्फत आर्थिक कारोवारको संचालन गर्नुपर्दछ । | |
| ३. | **लेखा स्रेस्ता** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा कार्यालयको विनियोजन, राजस्व, धरौटी जिन्सी र अन्य कारोबारको स्रेस्ता महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने र यसरी राखेको लेखा स्रेस्ता अद्यावधिक भए नभएको कार्यालय प्रमुखले चेकजाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्वीकृत ढाँचामा लेखा राख्ने प्रयास गरेता पनि जिन्सी खाता, बैक नगदी किताब, लेजर लगायत खाताहरु प्रमाणित नगरेको, खर्चको बिल भरपाई तेरिज बनाई जोडजम्मा गर्ने नगरेको, आम्दानी तर्फको म.ले.प.फा.नं.१०८ र २३ जस्ता खाता नराखेको, कार्यक्रम संचालनका सबै विल भरपाई हाजिरी लगायतका प्रमाण आंशिकमात्र राख्ने गरेको, एकभन्दा बढी कार्यक्रमका लागि एकैपटक पेश्की दिई काम गर्ने गराउने गरेको, समयमा पेश्की फछ्र्यौट गर्ने नगरेको, नापी किताव लगत सिटमा नराखेको, आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम २५ अनुसार भौतिक एवं. वित्तिय स्थिति देखिने गरी वार्षिक कार्यक्रको लक्ष्य प्रगति विवरण तयार नगरेको जस्ता व्यहोराहरु देखिएको छ । जसबाट कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली सोही नियमावलीको नियम ९५ अनुसार भएको र कार्यालय प्रमुखबाट नियमित चेकजाँच भएको छ भन्न सकिएन । यसमा कार्यालय | |

| | | |
|---|---|---|
| | प्रमुखले ध्यान दिई आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गर्नुपर्दछ । | |
| ४. | **लक्ष्य/प्रगति :** आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम २५ अनुसार कार्यालयले वार्षिक प्रतिवेदन तयार गरी तालुक कार्यालयमा पठाउनु पर्ने र नियम २६ अनुसार तालुक कार्यालयले भौतिक एवं वित्तिय प्रगतिको समिक्षा गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले यस वर्ष नियमको उक्त व्यवस्था अनुसार सबै कारोबारको भौतिक एवं वित्तिय प्रगति तयार नगरेकोले निर्धारित ढांचामा लक्ष्य तथा प्रगतिको विवरण तयार गर्नुपर्दछ । | |
| ५. | **बजेट पेश :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७१ अनुसार आर्थिक वर्षको राजस्व र थप (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्नेमा २०७४।९।३० मा मात्र पेश भएको छ । कार्यालयले २०७४।४।१ देखि २०७४।९।३० सम्मको खर्च रु.८६७२२५४। समेत २०७४।९।३० को सभाबाट अनुमोदन भएकोले समयमै वार्षिक कार्यक्रम स्वीकृत गरी बजेट पेश गरी पारित गर्नुपर्दछ । | |
| ६. | **आन्तरिक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा यस गाँउपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको परीक्षण गर्दा निम्न बिषयमा प्रयाप्त नियन्त्रण भएको देखिएन । उक्त बिषयमा गाँउपालिकाले नियन्त्रण एवं सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्नुपर्दछ ।<br>● कार्य जिम्मेवारी र जवाफदेहिता स्पष्ट गरेको छैन,<br>● परियोजना र क्रियाकलापहरूको प्राथमिकता निर्धारण भएको छैन,<br>● योजना कार्यान्वयन तालिका निर्माण गरेको छैन,<br>● आयोजनाको भौतिक प्रगति सन्तोषजनक छैन,<br>● अनुगमन प्रतिवेदन कार्यान्वयन गरेको छैन,<br>● ठेक्का सम्झौता बमोजिम तोकिएको समयमा सम्पन्न नहुने तथा आयोजना अधुरा रहने गरेको छ,<br>● योजना हस्तान्तरण भएको छैन,<br>● जिम्मेवारीको सूची/कार्य विभाजन तोकिएको अनुरुप भएको छैन,<br>● प्रशासनिक खर्चको सीमा निर्धारण गरेको छैन,<br>● अभिलेख कायम गरिएका सबै सम्पत्तिको हकमा सङ्केतीकरण गरेको छैन,<br>● प्रयोग गर्न नसकिने र सेवा दिन नसक्ने सम्पत्तिको लिलामी र राफसाफ प्रक्रियागत भएको छैन । | |
| ७. | **स्थानीय तथ्यांक र अभिलेख**ः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाँउपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाँउपालीकाले अभिलेख व्यवस्थापन गर्नुपर्दछ । | |
| ८. | **सम्पत्ती हस्तान्तरण नभएको** :– आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ५०(२) बमोजिम कुनै कार्यालय खारेज बा गाभ्ने निर्णय भएमा यसरी निर्णय | |

भएको ३५ औं दिनमा कार्यालय खारेज भएको मानिने छ । उक्त अवधी भित्र सो कार्यालय कायम रहेको दिनसम्मको जिन्सी मालसामानको मौज्दात मर्मत सम्भार लिलाम मिन्हा गर्नुपर्ने मालसामानको परिमाण र मूल्य समेत खुलाई त्यस्तो कार्यालय खारेज वा गाभिएको मितिले ३५ दिन भित्र प्रतिवेदन तयार गरी त्यस्तो मालसामानको जिम्मा लिने दिने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । मन्त्रिपरीषदको को निर्णयबाट कुमरखोद, टाघनडुव्वा र शरणामति गाउ विकास समितिमा रहेका स्वास्थ्य केन्द्र ३, पशु अन्तरगत रहेको पशु सेवा केन्द्र लगायतका कार्यालयहरु खारेज भई गाउपालिका मातहत हस्तान्तरण भएकोमा उल्लेखित निकायहरुको साबिक सम्पत्ती जिन्सीको प्रतिवेदन तयार गरी लिने दिने व्यवस्था मिलाएको नदेखिदा नियमानुसार सेवा केन्द्रहरुको सम्पत्तीको उचित व्यवस्थापन मिलाउनु पर्दछ ।

९. **कर्मचारी कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधि उपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । व्यवस्था स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले यस वर्ष कर्मचारी कल्याण खातामा कुनै प्रकारका रकम ल्याएको देखिएन । कर्मचारी व्यवस्थापनका लागि उचित कोषको व्यवस्था गरी कर्मचारीको उचित व्यवस्थापन हुने व्यवस्था गर्नुपर्दछ ।

१०. **न्याय सम्पादन** : कार्यालयसंग न्यायसम्पादनको विवरण माग गरिएकोमा प्राप्त भएको छैन । यद्यपी दैनिक औषत २ वटासम्म न्यायिक निर्णय भएको छलफलको क्रममा जानकारी प्राप्त भएको छ ।

११. **औषधी वितरण** : सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम वर्ष भरिमा प्रा.स्वा. केन्द्र तथा स्वा. चौकी, उप स्वास्थ्य चौकी एवं पटके शिविरमा तथा विशेष कार्यक्रमको लागि सूचीकृत भएका अत्यावश्यक औषधी कार्यालयबाट खरिद भई प्राप्त हुने परिणाम तथा तालुक कार्यालयबाट प्राप्त गरेको औषधिको वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी Need base मा व्यवस्थापन गरिनुपर्नेमा सो गरेको नदेखिएकोले औषधीको आवश्यकता र आपूर्ति विच सामन्जस्यता मिलाई औषधीको व्यवस्थापन गर्नुपर्नेमा निशुल्क वितरण प्रयोजनको लागि खरिद गरिएका औषधीहरु वितरण नगरी जिन्सी खातामा लेखापरीक्षण समयसम्म समेत वांकी रहेकोले उक्त औषधीहरु निशुल्क वितरणको लागि उचित प्रवन्ध मिलाउनु पर्दछ । उदाहरणको लागि केही नमूना निम्नानुसार छन्:

| सि.नं. | औषधीको | इकाई | वांकी | खाता नं. |
|---|---|---|---|---|
| १ | Amoxycillin | १२५ एम जी | ५००० Tab | ३२ |
| २ | Amoxycillin | २५० एम जी | १५२०० Tab | ३३ |
| ३ | Amoxycillin | ५०० एम जि | २९६४४ | ३५ |
| ४ | Chlorphenirami | १४ एम जि. | ५५००० | ३७ |
| ५ | Metronidazde | २०० एम जि | २९०० Tab | ४३ |
| ६ | Paracitamol | ५०० एम जि | ७५००० | ४५ |
| ७ | Salbatamol | ४ एम जि | ४५०० Tab | ४७ |
| ८ | Vitamin B |  | १५०००० | ५३ |

१२. **कन्टीन्जेन्सी खर्च** : सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढांचा अनुसूची -१ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च र सानातिना अन्य खर्च समेतमा उपभोक्ता समिति मार्फत कार्य गराउदा गाँउपालिकाले २ प्रतिशत कन्टिन्जेन्सी कटाई खर्च गरेको छ । यद्यपी आर्थिक वर्ष २०७४।७५ को बजेट विनियोजन गर्दा कन्टिन्जेन्सी वापतको अभिलेख नराखेकोले कन्टिन्जिेन्सीमा छुट्टाएको र खर्च भएको रकम एकिन गर्न सकिएन । अभिलेख अद्यावधिक गरी कन्टीन्जेन्सी खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

१३. **पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा १७५ बमोजिम १ नं. प्रदेश सभाले गाउँ तथा नगरसभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा २०७५।२।१३ मा सुविधा सम्बन्धी ऐन बनाई लागु भएको छ । उक्त ऐनको दफा १३ मा यो ऐन लागु हुनु पूर्व कुनै पनि शीर्षकमा यस ऐन बमोजिम हुने गरी सेवा सुविधा लिएको भए यसै ऐन बमोजिम लिएको मानिनेछ र नलिएको भए लिन वाधा पर्ने छैन भनि उल्लेख भएको सन्दर्भमा ऐन पास हुनु पूर्व पदाधिककारीहरुले परिषदबाट निर्णय गरी लिएको सुविधा र ऐन पास भए पश्चात पाउने सुविधामा देहाय बमोजिम बढी सुविधा लिएको देखिदा ऐन विपरित निम्नानुसारका पदाधिकारीहरुलाई भुक्तानी भएको देहाय बमोजिमको रकम सम्बन्धित पदाधिकारीबाट असुल उपर गर्नुपर्ने रु.......... १२२८८००/-

(क) गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३(१) अनुसूची १(क) अनुसार पदाधिकारीले पाउने सुविधा देहाय अनुसार रहेको छ ।

| सि.नं. | वापत | अध्यक्ष | उपाध्यक्ष | वडा अध्यक्ष | का.पा.सदस्य | वडा सदस्य |
|---|---|---|---|---|---|---|
| १ | वैठक | ७५००.० | ६६००.० | ६०००.० | ६०००.० | २०००.० |
| २ | टेलिफोन | २५००.० | २५००.० | २०००.० | १०००.० | १०००.० |
| ३ | खाजा | ४०००.० | ३०००.० | १०००.० | ० | ० |
| ४ | पुस्तक, | ३०००.० | २५००.० | १५००.० | १५००.० | ५००.०० |
| ५ | अनुगमन | ६०००.० | ४५००.० | १५००.० | ० | १०००.० |
| ६ | खानेपानी, | १५००.० | १०००.० | १०००.० | ० | ० |
| ७ | सरसफाई | २०००.० | २०००.० | ० | ० | ० |
| ८ | अतिथि | २०००.० | २०००.० | १०००.० | ० | ० |
| ९ | यातायात | ० | ५०००.० | २०००.० | २०००.० | १०००.० |
| **बढीमा जम्मा मासिक** | | **२८५००.** | **२९१००.** | **१६०००.** | **१०५००.** | **५५००.०** |

(ख) गाउँ सभाको निर्णय अनुसार पदाधिकारीहरुले मासिक भुक्तानी लिएको विवरण निम्नानुसार छ ।

| सि.नं. | वापत | अध्यक्ष | उपाध्यक्ष | वडा अध्यक्ष | का.पा.स. | वडा सदस्य |
|---|---|---|---|---|---|---|
| १ | पारिश्रमिक | ३००००.० | २५०००.० | २००००.० | ५०००.० | ३०००.०० |
| २ | संचार | २५००.०० | २०००.०० | १५००.०० | ० | ० |
| ३ | वैठक भत्ता | ३०००.०० | ३०००.०० | ३०००.०० | ३०००.०० | ३०००.०० |
| ४ | इन्धन | ० | ० | २०००.०० | ० | ० |
| ५ | अनुगमन | ५०००.० | ४०००.० | ० | ० | ० |
| **मासिक भुक्तानी लिएको** | | **४०५००.** | **३४०००.०** | **२६५००.०** | **८०००.०** | **६०००.००** |

(ग) उल्लेखित विवरण अनुसार पदाधिकारीहरुले सुविधा सम्बन्धी ऐन, २०७५ भन्दा निम्नानुसार बढी सुविधा लिएको विवरण देहाय अनुसार छ ।

| सि.नं. | पदाधिकारी | मासिक सुविधा लिएको | ऐन अनुसार पाउने सुविधा | ऐन भन्दा बढी लिएको मासिक | ऐन भन्दा बढी लिएको वार्षिक |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | ४०५००.० | २८५००.० | १२०००.०० | १४४०००. |
| २ | उपाध्यक्ष | ३४०००.० | २९१००.०० | ४९००.०० | ५८८००.० |
| ३ | वडा अध्यक्ष | २६५००.०० | १६०००.०० | १०५००.० | ८८२०००. |
| ४ | कार्यपालिका | ८०००.०० | १०५००.० | ० | ० |
| ५ | वडा सदस्य | ६०००.०० | ५५००.०० | ५००.०० | १४४०००. |
| | **जम्मा** | | | | **१२२८८००** |

१४. **प्रोत्साहन सुविधा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ ८६ मा स्थानीय सेवाको शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघिय कानून बमोजिम हुने तथा दफा ८८ मा स्थानीय सेवामा कर्मचारीको शुरु तलव स्केल प्रदेश सरकारले तोके बमोजिम हुने र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोके बमोजिम हुने व्यवस्था छ । गाउँपालिकामा कार्यरत कर्मचारीले मासिक तलवमा थप भत्ता २५ प्रतिशतले भुक्तानी गर्ने गरेको

<table>
<tr><td></td><td>पाइएकोले उक्त सुविधा संघीय कानूनको सिद्धान्त र मापदण्ड अनुकूल नदेखिएकोले मिति २०७४।५।१ देखि २०७५।३।३२ सम्म तदनुरुप लेखिएको उक्त खर्च रु.१०३०९५९। नियम संगत नदेखिएको रु....</td><td>१०३०९५९/-</td></tr>
<tr><td>१५.</td><td>नापी किताब : निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि स्वीकृत ढांचाको नापी किताब म.ले.प.फा.न. १७१ मा ठेक्का नं. आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यवस्था छ । साथै यसरी तयार गरिएको नापी किताब म.ले.प.फा.नं १७२ मा उल्लेख गरि काम तामेल भएको बीस वर्ष पछिमात्र धुल्याउन मिल्ने भनी सरकारी कागजात धुल्याउने नियमाबली, २०२७ को अनुसूची ५ को बुंदा नं. ३ मा उल्लेख छ ।<br>गाँउपलिका कार्यालयले नापी सम्बन्धी अभिलेख नापी किताबमा राखेको भए तापनि अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ बिल अनुसार नापी किताब लुज सिटमा तयार गर्ने गरेको पाईयो । तोकिएको ढांचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा नियमावलीको व्यवस्था अनुसार २० वर्षसम्म आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न कठिन पर्ने देखिन्छ । तसर्थ किताब नियन्त्रण खाता म.ले.प.फा.नं. १७२ मा समेत अभिलेख राखी स्वीकृत ढांचा बमोजिमको नापी किताव प्रयोगमा ल्याईनु पर्दछ ।<br>सुझाव अनुसार कार्यान्वयन गरिने व्यहोरा कार्यालयले जनाएको छ ।</td><td></td></tr>
<tr><td>१६.</td><td>उपभोक्ता समिति दर्ता – संस्था दर्ता ऐन, २०३४ दफा ३ अुनसार कुनै पनि संस्था बिधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन । कार्यालयले यसवर्ष संझौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनालाई बजेटपरेको आधारमा अस्थाई समिति गठन हुने र काम सम्पन्न पश्चात समिति विघटन हुने हुंदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाई हुने भएकोले स्थायी संयन्त्रमार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७.</td><td>सिमा क्षेत्र विकास कार्यक्रम : उल्लेखति कार्यक्रमतर्फ पुजिगत तथा चालु गरी रु.१०२२७०००। बजेट विनियोजन भएकोमा रु.८०८२०००। खर्च भएको श्रेस्ता परीक्षण गर्दा देखिएका थप व्यहोराहरु निम्नानुसार छ ।</td><td></td></tr>
<tr><td>१७.१.</td><td>संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयबाट सडक कालोपत्र गर्ने गरी रु.८० लाख ८२ हजार बजेट विनियोजन भएको र गाउ सभाबाट २०७४।९।३० मा स्वीकृत बजेट अनुसार निम्नानुसारको कार्यक्रमको लागि बजेट विनियोजन भै खर्च गरेको छ । कार्यक्रम स्वीकृत गर्दा स्थानीय आवश्यकताको पहिचान नगरी स्वीकृत गर्दा स्वीकृत कार्यक्रम भन्दा अन्य क्षेत्रमा खर्च भएकोले कार्यक्रम स्वीकृत गर्दा स्थानीय आवश्यकताको पहिचान गरेर कार्यान्वयन गर्नुपर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>कार्यक्रम</th><th>विनियोजित रकम</th></tr>
<tr><td>१</td><td>पुल निर्माण, वार्ड नं. १</td><td>२६८२०००.००</td></tr>
<tr><td>२</td><td>कज्वे पुल निर्माण वार्ड</td><td>२७०००००.००</td></tr>
<tr><td>३</td><td>पुल निर्माण वार्ड नं.५</td><td>२७०००००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>८०८२०००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>उल्लेखित कार्यक्रमको स्थलगत अवलोकन गर्दा वार्ड नं. ५ मा निर्मित पुलको रेलिङ्गको काम बांकी रहेको तथा सो देखि ५० मिटर दक्षिणमा खाल्टो रहेकोले पुलबाट आवत जावत गर्न सक्ने देखिएन, खाल्टो पुर्ने कार्य सम्पन्न गरी पुल सुचारु गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

१८. **कानूनी निर्माण :** संघीय मामिला तथा स्थानिय विकास मन्त्रालयबाट स्थानिय तहमा कानून निर्माण सरल र एकरुपता बनाउने उद्देश्यले ३१ वटा नमूना कानून तयार गरी पठाएको मध्ये देहाय बमोजिमका १२ वटा कानून निर्माण भएको पाइयो । बांकी कानूनहरु निर्माण गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

- स्थानीय तहको विनियोजन ऐन, २०७४
- स्थानीय तहको आर्थिक ऐन २०७४
- गाउ कार्यपालिका कार्यसम्पादन नियमावली, २०७४
- गाउ कार्यपालिका कार्य विभाजन नियमावली, २०७४
- नगरकार्यपालिका कार्य विभाजन नियमावली, २०७४
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४
- गाउ । नगर कार्यपालिकाको वैठक संचालन सम्बन्धी कार्यविधि २०७४
- गाउ,नगर, जिल्ला सभा संचालन कार्यविध २०७४
- शिक्षा नियमावली, २०७४
- स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४
- गाउ,नगर विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन
- घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि
- एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७४

१९. **नगद भुक्तानीको सिमा :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११९ मा सानातिना कार्यको लागि केन्द्रीय कार्यालयमा २५ हजार र अन्य कार्यालयको लागि रु.१५ हजार सम्म नगद मौज्दात राखी खर्च गर्न सक्नेमा स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को नियम ११ मा उपभोक्ता समितिले उक्त व्यक्ति वा संस्थालाई रु.१ लाख भन्दा माथिको रकम भुक्तानी गर्दा चेक मार्फत गर्ने गरी रु.१ लाख सम्मको कारोवार नगदमा गर्न प्रोत्साहन गरेको देखिदा वैकिंग कारोवार मार्फत गर्ने गरी कानूनको तर्जुमा गर्नुपर्दछ ।

२०. **विपद व्यवस्थापन कोष :** झपा गाउंपालिकाको विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियमावली अनुसार गाउं कार्यपालिकाबाट पारित भै कार्यान्वयमा आएकोमा विपद व्यवस्थापनका लागि गाउंपालिकामा एउटा छुट्टै कोष स्थापना गरी रु.५० लाख विनियोजन गरी जम्मा गरेकोमा मिति २०७५।३।१ को निर्णयबाट खरिद भएको रवरवोट शसस्त्र प्रहरी वल नेपाल झापा बजारलाई हस्तान्तरण गर्ने निर्णय अनुसार हस्तान्तरण गरेको छ । तर विपद व्यवस्थापन नियमावलीको नियम ३ अनुसार गाउंपालिका भित्रको विपद व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रुपले संचालन गर्न "एक गाउं विपद व्यवस्थापन समिति गठन हुनुपर्नेमा" सबै वार्डमा उक्त समिति गठन भएको विवरण पेश भएता पनि त्यसको संचालन र समन्वयको लागि संयन्त्र नबनाएकोले समन्वयको व्यवस्था गरी विपत व्यवस्थापन कोषलाई प्रभावकारी बनाइनु पर्दछ ।

२१. **प्रशासनिक खर्च** : सार्वजनिक निकायले कार्यसम्पादन मितव्ययी र प्रभावकारी बनाउनुपर्ने व्यवस्था छ । तर गाउँपालिकाको आन्तरिक आय रु. ३८५५८७२।४२ प्राप्त भएकोमा प्रशासनिक कार्यको लागि देहाय अनुसार आन्तरिक आयको (६८३ प्रतिशत) सम्म रु.२६३४६९०५।४३ खर्च भएकोले प्रशासनिक खर्च नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | शिर्षक | खर्च रकम |
|---|---|---|
| १ | वित्तीय समानिकरण | २१७४२२०९.७० |
| २ | आन्तरिक कोष (जिम्मेवारी समेत) | ४६०४६९५.७३ |
| | **जम्मा** | **२६३४६९०५.४३** |

२२. **आर्थिक सहायता :** कार्यालयबाट आर्थिक वर्ष २०७४।७५ मा आर्थिक सहायतामा रु.२४८०००। खर्च गरेको छ । तर आर्थिक सहायता दिने मापदण्ड बनाएको नदेखिदा मापदण्ड बनाई खर्च गरिनु पर्दछ । त्यसको उदाहरण निम्नानुसार छन्:

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | दैवि प्रकोपमा भएको | १७३४२७.०० |
| २ | वाढी पिडित तत्कालिन | ४३१३३.०० |
| ३ | वाढी पिडितलाई खाना, | १०८८३९.०० |

२३. **वाटो ग्रोभल :** झापा गाउंपालिका वार्ड नं.५ अन्तरगत फुलगछी चोकपूर्व वार्ड नं. ६ को सिमाना देखि पुरानो मिलको वाटो हुदै खैयरवारीसम्म जोडने सडकलाइ उच्च स्तरीय ग्राभेल गर्ने गरी रु.१७६४९२१।५० को लागत अनुमान मध्ये गाउपालिकाको रु.१४७००००। र श्रमदान रु.२९४९२१।५० व्यहोर्ने गरी मिति २०७५।२।१० भित्र सम्पन्न गर्ने गरी गाउपालिका र उपभोक्ता समिति विच सम्झौता भएकोमा निम्नानुसार भुक्तानी भएकोमा लेखापरीक्षणको क्रममा देखिएका थप व्यहोरा निम्नानुसार छन्:

| सि.नं. | गो.भौ नं. र | प्राविधिक | भुक्तानी |
|---|---|---|---|
| १ | ४४२/०७५/२/ | ८८४२४१.० | ७०७३९२.८० |
| २ | ७३९/०७५/३/ | ४८६४५७.० | ४८६४५७.०८ |
| | जम्मा | १३७०६९८.० | ११९३८४९.८८ |

२४. लागत अनुमान अनुसार गर्नुपर्ने कार्य मध्ये देहाय बमोजिमको कार्य सम्पादनमा पुल नजिकको बाटो पुलसंग जोडिएको अवस्था देखिएन ।

| सि.नं. | कामको | सम्झौता | भुक्तानी | कैफियत |
|---|---|---|---|---|
| १ | माटो पुर्ने र | ११३० मिटर | ११३१ मिटर | पहिलो |
| २ | ग्रोभल गर्ने | ११३० मिटर | ९२१ मिटर | दोश्रो |
| ३ | ह्युम पाइप ( | ४ | ४ | दोश्रो |
| ४ | ह्युम पाइप ( | ३ | ० | |

सिमा क्षेत्रको पुल नगीजबाट १०० मिटर पूर्वतर्फ खाल्डोमा माटो भर्ने र ह्यूम पाइपको काम वांकी रहेको देखिन्छ । उपभोक्ता समितिसंग गरेको काम आर्थिक वर्षको अन्त्यसम्म सम्पन्न नभएको अवस्थामा अधुरो रहेकोले आवश्यकताको पहिचान अधुरो कार्य सम्पन्न गर्नुपर्दछ ।

२५. **जीप खरिद :** २४९।०७५।१।११ वित्तीय समानीकरण पुजिगत अनुदानतर्फ सवारी साधन खरिद वापत रु.५० लाख बजेट विनियोजन गरेकोमा वोलपत्र आव्हान गरी सार्वजनिक खरिद ऐन, २०६३ अनुसार सकुसल ट्रेड लिंक, विर्तामोड झापाले पेश गरेको वोलपत्र रु.४९५००००। (भ्याट सहित) मा महिन्द्रा एण्ड महिन्द्रा स्कापरियो गाडी खरिद गरी भुक्तानी दिएको छ । झापा गाउपालिकाको आन्तरिक आय वार्षिक रु.३८५५८७२।८५ रहेको सन्दर्भमा आन्तरिक आय भन्दा बढी लागत पर्ने गरी गाडी खरिद गरेकोले मितव्ययि किसिमले कार्यसम्पादन गर्ने नीति अख्तियार गर्नुपर्दछ ।

२६. **अन्य (विविध आय):** बाढी पिडिततर्फ आर्थिक वर्ष २०७४।७५ को श्रावण महिनामा आएको अविरल वर्षातको कारण वाढी पिडित राहत कार्यक्रमतर्फ जिल्ला प्रशासन कार्यालयबाट प्राप्त रकम मध्ये रु.४३२५०००। अन्य विविध आयमा आम्दानी वाधेकोमा उक्त रकम वितरण गरी भरपाईको आधारमा फछ्र्यौट गर्नुपर्नेमा कार्यालयको खातामा आम्दानी रहेको देखिदा समयमै वितरण गरी भरपाईको आधारमा उक्त रकम फछ्र्यौट गर्नुपर्दछ ।

२७. **आन्तरिक आय :** आन्तरिक आयतर्फ विभिन्न १२ शिर्षकमा रु.४१४३३००। असुल गर्ने लक्ष्य निर्धारण गरिएकोमा लक्ष्यको तुलनामा निम्नानुसार रु. ३८५५८७२। (९३.०६ प्रतिशत) आम्दानी प्राप्त गरेको पाइयो । गाउँपालिकाले वैकल्पिक आयको पहिचान गरी आय वृद्धि गर्ने गरी लक्ष्य निर्धारण गरी आय वृद्धि गर्नुपर्दछ ।

२८. **सेवा शुल्क कर :** स्थानीय सरकार संचालन, ऐन, २०७४ दफा ६२ (८) अनुसार गाउंपालिकाले निर्माण संचालन वा व्यवस्थापन गरेको स्थानिय पूर्वाधारमा उपलव्ध

| | | |
|---|---|---|
| | गराएको सेवा उपयोग गरे वापत लाग्ने सेवा शुलक उठाउने कार्य आफै गर्न वा व्यवस्थापन करार वा निजी क्षेत्र मार्फत गराउन सक्ने व्यवस्था रहेकोमा गाउंपालिकाको २०७४।३।२६ को निर्णय अनुसार झापा गाउंपालिका अन्तरगतका साविकको गा.वि.स.रहेको सयुक्त वडा कार्यालयहरुलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय अनुसार वार्डको निर्णय अनुसार उक्त कर असुल गरी चालु वर्ष रु.३८५५८७२।८२ आम्दानी गरेको पाइयो । ऐनको दफा ५४ अनुसार कानून बमोजिम वाहेक गाउंपालिकाले आफ्नो अधिकार क्षेत्र भित्र कुनै कर लगाउन नपाउनेमा वार्ड कार्यालयलाई कर लगाउन दिदा स्वच्छाचारिता बढने देखिदा गाउं स्वयमवाट करका दरहरु पारित गरी कार्यान्वयन गर्नुपर्दछ । | |
| २९. | **नगदी रसिद :** कार्यालयले सेवा शुल्क तथा ठेक्का प्रयोजनको लागि विभिन्न वडाहरुलाई रसिद उपलव्ध गराएकोमा उक्त रसिदहरुबाट के कति रकम प्राप्त भयो र कुन कुन मितिमा संचित कोष दाखिला गरियो त्यसको अभिलेख राखेको देखिएन । प्रयोग भएका रसिदहरुबाट प्राप्त रकम संचित कोष दाखिला भएको सुनिश्चित हुने गरी म.ले.प.फा.नं.१०८, १०९ र २३ प्रयोग गरी आम्दानी हिसाव दुरुस्त राख्नु पर्दछ । | |
| ३०. | **योजना छनौट :** प्रदेश नं.१ विराटनगरको मिति २०७५।२।२४ को योजना तथा कार्यक्रम स्वीकृत सम्बन्धी पत्रानुसार झापा गाउपालिकाको देहायका योजना २०७४।७५ भित्र सम्पन्न गने गरी निम्नानुसार बजेट स्वीकृत गरी पठाएकोमा गाउंपालिकाको २०७५।२।२१ को सिफारिसबाट डि.पि.आर भएका रु १ करोड भन्दा माथिका २५ वटा योजना माग गरेकोमा माग नै नभएका उक्त योजना आर्थिक वर्षको अन्त्यमा स्वीकृत गरी खर्च गरेकोले आवश्यकताको पहिचान गरेर मात्र योजना छनौट र कार्यान्वयन गर्नु पर्दछ ।<br><table><tr><th>सि.नं.</th><th>योजनाको नाम</th><th>विनियोजित</th></tr><tr><td>१</td><td>सानोमाई खानेपानी</td><td>२०००००.००</td></tr><tr><td>२</td><td>तटवन्ध वांध निर्माण</td><td>२०००००.००</td></tr><tr><td>३</td><td>तटवन्ध विरिङ्ग खोला</td><td>४०००००.००</td></tr><tr><td></td><td>**जम्मा**</td><td>**८०००००.००**</td></tr></table> | |
| ३१. | **डि.पि.आर. :** पूर्व पश्चिम लोक राजमार्गको कन्काई नगरपालिकाको शुरुङ्गा बजार देखि दक्षिण झापा गाउपालिका हुदै भारतको विहार प्रदेश अन्तरगत डिघल वैक जोडने अमरपथ सडक २५ कि.मि.वाटो यस क्षेत्रको महत्वपूर्ण मार्गको रुपमा रहेको स्थितिमा कन्काई नगरपालिकाको ८ कि.मि. र झापा गाउपालिकाको १७ कि.मि.वाटो विगतमा स्थानिय पूर्वाधार सडकबाट डिपिआर समेत भएकोमा हाल झापा गाउंपालिकातर्फको सबै पिच उप्किएको र यहांको आवश्यकतालाई मध्यनजर गरी डिपिआर समेत भै सकेको अवस्थामा स्थानिय तथा प्रदेश सरकारहरुले प्राथमिकताका राखी अमरपथ जस्ता महत्वपूर्ण सडकलाई कालोपत्रे गुर्नपर्दछ । | |
| ३२. | **शौचालय निर्माण :** दलित, जनजाति, आदीवासी, मधेसी, मुस्लिम तथा विपन्न वर्गका लागि साझेदारीमा शौचालय निर्माण तथा सफा गापालिका कार्यक्रम अन्तरगत रु.२५ लाख बजेट विनियोजन भएकोमा सबै रकम खर्च भएको छ । कार्यक्रम संचालन गर्नुपूर्व आश्यकताको पहिचान गरी तयसैको आधारमा खरिद योजना बनाई कार्यक्रम स.चालन गर्नुपर्नेमा वार्डबाट आउको निवेदनको आधारमा उपभोक्ता समितिसंग सम्झौता गरी खर्च लेखेकोमा कति शौचालय बनाउने योजना रहेको हो कति निर्माण गरिएको, तयसको अभिलेख सहित कार्य प्रगति पेश गर्नुपर्दछ । | |
| ३३. | **आयको अभिलेख :** साविक गाउविकास समितिको नाउमा रहेको देहाय बमोजिमको पेस्की रु.१७२८७०३। र आय बांकी रु.१०८१४३८। समेत रु.२८१०१४१। पेस्की तथा उठनु पर्ने रकमको अभिलेख अद्यावधिक गरी फरफारक गर्नुपर्दछ ।<br><table><tr><th>सि.नं.</th><th>साविक गा.वि.स.</th><th>पेस्की</th><th>आय वांकी</th></tr><tr><td>१</td><td>खुमरखोद</td><td>१४३९३२२.००</td><td>९२७६००.००</td></tr></table> | |

<table>
<tr><td></td><td><table><tr><td></td><td>गा.वि.स.</td><td></td><td></td></tr><tr><td>२</td><td>राघनडुवा</td><td>२३०९४५.००</td><td>२७९८२.००</td></tr><tr><td>३</td><td>शरणामति</td><td>५८४३६.००</td><td>१२५८५६.००</td></tr><tr><td></td><td>जम्मा</td><td>१७२८७०३.००</td><td>१०८१४३८.००</td></tr></table></td><td></td></tr>
<tr><td>३४.</td><td>अधुरो कार्य : वार्ड नं.४ को बाटो ग्राभेल र कज्वे निर्माण वापत पल्टन बस्तीबाट शम्भू गणेशको घर जानेवाटो २०७५।२।३० मा सम्पन्न गर्ने गरर२०७४।१२।२२ मा कार्यालयको रु.२१ लाख र श्रमदान रु.३७०१६८।१० गरी कूल रु.२४७०१६८।१० को सम्भौता भएकोमा प्रथम रनिङ्ग विलबाट रु.१२२३९३९।७७ भुक्तानी भएकोले वांकी काम फछ्र्यौट हुन नसकेको कारण सहित कार्य फछ्र्यौट गर्नुपर्ने रु....</td><td>१२२३९३९/७७</td></tr>
<tr><td>३५.</td><td>अबण्डा रकम : आर्थिक कार्यविध नियमावली, २०६४ को नियम २३ अनुसार कार्यालयको उद्देश्य, नीतिगत लक्ष्य र स्वीकृत बजेट अन्तरगत निम्नानुसार योजना स्वीकृत गरी कार्यान्वयमा ल्याउनु पर्दछ । त्यसै गरी स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७१(२) अनुसार चालु आर्थिक वर्षको अन्तिम समयमा हुने आम्दानी र खर्चको शंसोधित अनुदान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण पेश गर्नुपर्नेमा अनुमानित बजेट पेश गर्दा रु.३ करोड विनियोजन नगरी अवण्डामा राखेर पटके निर्णयबाट खर्च गरेको छ । उक्त रकमबाट कुन कुन योजना संचालनमा आएको एकीकृत अभिलेख समेत रहेको नदेखिदा कार्यक्रम गत बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ । उदाहरणको लागि लक्ष्मी मार्ग वाटो मर्मत । ग्राभेल र ह्यूमपाइप जडान वार्ड नं. ६,७,३ र २ अन्तरगत बजेट विनियोजन नभएको तर अवण्डा कोषबाट मर्मत संभार कोषको अवण्डामा रहेको रकमबाट रु.५० लाखको योजना कार्यपालिकाबाट स्वीकृत गरी निम्नानुसार उपभोक्ता समितिले खर्च गरेकोमा गाउँपरिषदबाट स्वीकृत भएको छैन भने अर्कोतिर सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम कामको सार्वजनिकरण गरेको नदेखिदा सार्वजनिक गरी गुणस्तर परिक्षण समेत गर्नुपर्ने रु.....
<table><tr><th>सि.नं.</th><th>भौ.नं. र मिति</th><th>भुक्तानी रकम</th></tr><tr><td>१</td><td>३०२/०७५/१/२५</td><td>६७०२६५.००</td></tr><tr><td>२</td><td>३४५/०७५/२/१५</td><td>१५१३६८०.००</td></tr><tr><td>३</td><td>५४०/०७५/३/१५</td><td>२८१६०५५.००</td></tr><tr><td></td><td>जम्मा</td><td>५००००००.००</td></tr></table></td><td>५००००००/-</td></tr>
<tr><td>३६.</td><td>बजेट कार्यान्वयन : आर्थिक कार्याविधि नियमावली २०६४ को नियम २० को उपनियम ३ मा व्यवस्था भए बमोजिम बार्षिक बजेट कार्यक्रम र कार्यान्वयन तालिका बनाउँदा लागत अनुमान बनाउने, बोलपत्र मागगरी स्वीकृत गर्ने स्थानिय निकाय वा उपभोक्ता समितिको सहयोग जुटाउने र सामाग्री उपलब्ध र ढुवानी गराई कार्यान्वयन गर्ने बिषयलाई समेत ध्यान दिनुपर्ने समेतको व्यवस्था गरी लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने, कार्य समेत प्रथम चौमासिक अवधि भित्र सम्पन्न गरी सक्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयबाट आर्थिक वर्षको अन्त्यमा सम्भौता गरी कार्यान्वयन गर्दा एकातिर नियमको उलंघन भएको छ भने अर्कोतर्फ गुणस्तरमा समेत प्रभाव पर्ने देखिदा समयमै सम्भौता गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । केही उदाहरण निम्नानुसार छन्:
<table><tr><th>भौ.नं. र मिति</th><th>कामको विवरण</th><th>सम्भौता मिति</th><th>सम्पन्न मिति</th><th>गा.पा.ले</th></tr><tr><td>४८०/०७५/३/</td><td>झाटीबस्तीमा</td><td>२०७५/१/३०</td><td>२०७५/२/२०</td><td>१५००००.००</td></tr><tr><td>५५०/०७५/३/१</td><td>भोलाखत्रीको</td><td>२०७५/१२/२८</td><td>२०७५/१/१०</td><td>४०००००.००</td></tr><tr><td>६६९/०७५/३/२</td><td>झापा</td><td>२०७५/३/१२</td><td>२०७५/३/२२</td><td>३०००००.००</td></tr></table></td><td></td></tr>
<tr><td>३७.</td><td>शिक्षातर्फ : चार वटा माध्यामिक विद्यालय र १७ वटा निम्नमाध्यामिक तथा प्राथमिक विद्यालय गरी जम्मा २१ वटा विद्यालयलाई तलव खर्च वापत निकासा रु.७०३८१०००। निकासा भएकोमा रु.६४९९६३४३।८२ खर्च भई वांकी रहेको रु.५३८४६५६।१८ राजस्व फिर्ता गरी संघिय कोषमा जम्मा गरेको छ ।</td><td></td></tr>
</table>

३८. **सामाजिक सुरक्षा वापत :** सामाजिक सुरक्षा वापत रु.४८६२६०००। निकासा भई रु.४७९०१६००। खर्च गरेको विवरण परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन्:

३८.१. सामाजिक सुरक्षा भत्ता वितरण गर्न लिएको विभिन्न कर्मचारीले पेस्की फछ्र्यौट गर्दा वितरण भरपाई भन्दा बढी खर्च लेखि पेस्की फछ्र्यौट गरेको देखिएकोले बढी खर्च लेखेको रकम असुल गरी दाखिला हुनुपर्ने रु.... ११८४००/-

| पेस्की | निकासा | पेस्की | खर्च | वैक | वास्तविक | बढी खर्च |
|---|---|---|---|---|---|---|
| वडा नं. १ | प्रथम | ३७०००० | ३५८७२० | ११२८०.० | ३५८३२० | ४०००.० |
| वडा नं. १ | दोश्रो | ३९९००० | ३७७९२० | १०८००. | ३९७५२० | ४०००.० |
| वडा नं. १ | तेश्रो | ३९९००० | ३९३९२० | ५०८००. | ३९१२०० | २७२००. |
| | | | | | जम्मा | ३५२००. |
| वडा नं. २ | दोश्रो | ३७५००० | ३७५००० | ० | ३६६६८० | ८३२००. |
| वडा नं. | | | | | **कूल** | **११८४००** |

**चालुतर्फ :**

३९. ४७६।०७५।३।४ पशु कार्यक्रम अन्तरगत जगतनाथ मण्डलले पेस्की रु.१५५०००। फछ्र्यौट गर्दा कर रकम रु.१८००। दाखिला नभएकोले सो रकम दाखिला हुनुपर्ने रु......... १८००/-

४०. **मूल्य अभिवृद्धि कर :** मूल्यअभिबृद्रि कर ऐन,२०५२ अनुशार कुनै फर्म व्यक्ति वा संस्थालाई मूअकर भूक्तानी गर्दा सो को जानकारी सम्बन्धित आन्तरीक राजस्व कार्यालयलाई दिनुपर्ने व्यवस्था छ । गाउपालिकाले त्यस्तो मूअकर भूक्तानीको जानकारी आ.रा.का.लाई दिनुपर्ने रु. २२९२८१/२०

| गों भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|
| ४५/०७४/८/२९ | आसी प्रिन्टंग प्रेस | ४४५४४.५० |
| १२०/०७५/२/१८ | आसी प्रिन्टंग प्रेस | ३८५५१.५० |
| ७२/०७४/११/२९ | सर्भे हाउस इन्टरप्राइजेज | ५७४८६.०० |
| १२३/२०७५/२/२२ | चैतन्य एकेडेमी | १७२५६.०० |
| १२९/२०७५/२/२४ | पाथिभरा ग्यास एण्ड | १३७०९.२० |
| १७३/०७५/३/२५ | एलवि प्रिन्टरर्स | ५७७३४.०० |
| | **जम्मा** | **२२९२८१.२०** |

४१. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । गाउपालिकाले खानेपानी महसुल रु.१२०००। भुक्तानी गरेकोमा खानेपानी महसुल विल पेश नभएको रु... १२०००/-

४२. निजामती सेवा ऐन २०४९ को दफा ७ (ख) मा कर्मचारीको तलबी प्रतिवेदन पारीत गरेरमात्र तलब भक्ता भूक्तानी गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले तलबी प्रतिवेदन पारीत नगराई यस बर्ष स्वास्थ्यतर्फ रु.६३७२०००/- र आयुर्वेदतर्फ रु.८९४०००। तलब भक्तामा खर्च लेखेकोले एकिन गर्न सकिएन ।

४३. **सेवा प्रवाह :** गाउँपालिकाबाट प्राप्त विवरण अनुसार सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ ।

| सि.नं. | विवरण | सेवा प्राप्तीका | सिफारिस संख्या |
|---|---|---|---|
| १ | नागरिकता | ४९९ | ४९३ |
| २ | घरवाटो | ४८० | ४६८ |
| ३ | नाता प्रमाणित | १०८ | १०४ |
| ४ | जन्म, मृत्यु दर्ता | १४४३ | १४४३ |
| ५ | घर नक्सा पास | १७ | १७ |
| ६ | अन्य | ३३८० | ३३३४ |

गाउँपालिकको आफ्नै भवन नभएको कारण भाडामा घर लिई सेवा प्रवाह गरि रहेकोले कार्यालयको आफ्नै भवन निर्माण गरी सहजरुपले सेवा प्रवाह गर्नेतर्फ सम्बन्धित निकायले ध्यान दिनु पर्दछ ।

<table>
<tr><td>४४.</td><td colspan="4">पेस्की वांकी : खोपकेन्द्र भवन निर्माण उपभोक्ता समिति, झापालाई दिएको पेस्की रु.३०००००। आर्थिक वर्षको अन्त्यसम्म पनि फछ्र्यौट नभै वांकी रहेकोले आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम फछ्र्यौट गर्नुपर्ने रु......</td><td>३०००००/-</td></tr>
<tr><td>४५.</td><td colspan="4">नीतिगत मार्गदर्शन २०७५ को कार्यान्वयन : नेपाल सरकार (म.प.) बाट मिति २०७५/०१/२६ मा स्वीकृत सार्वजनिक खर्चमा मितव्ययीता र प्रभावकारीताको कायम गर्ने नीतिगत मार्ग दर्शन २०७५ को सि.नं.२३ मा कार्यालय भवन,पदाधिकारीको कार्यकक्षको फर्निसिङ र पदाधिकारीलाई उपलब्ध गराईने सावरी साधनको किसिम इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने र अर्थ मन्त्रालयको परामर्शमा भवन,कार्यक्रम फर्निसिङको मापदण्ड शहरी बिकास मन्त्रालयले र सवारी साधन इन्धन,मर्मतको मापदण्ड गृह मन्त्रालयले एक महिना भित्र तोकी सक्नु पर्ने गरी नीतिगत व्यवस्था भएकोमा त्यसप्रकारबाट मापदण्ड तयार गरी कार्यान्वयनमा नल्याएकोले प्रशासनिक खर्चमा मितव्यीता हुन सकेको नदेखिदा तोकिए बमोजिमको मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४६.</td><td colspan="4">अनुगमन तथा मूल्यांकन :- आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ वमोजिम प्रत्येक निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वासनिय बनाउन तथा प्रचलित कानून वमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । त्यस्तै कार्यालयको संस्थागत शासन व्यवस्था र वित्तीय व्यवस्थापनको जवाफदेहिता तथा उत्तरदायित्व पालना सम्बन्धी मूल्यांकन सूची अनुसार कार्यालयको आन्तरीक नियन्त्रण प्रणाली प्रयाप्त नरहेको, जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन नगरेको, बित्तिय सूचना प्रणाली प्रयोग र त्यसको उपयोगको अवस्था कमजोर रहेको, बिद्युतिय माध्यमबाट सेवा प्रबाहको अवस्था नरहेको, एकद्धार सेवा प्रणाली कार्यान्वयनमा नआएको,सेवाको गुणस्तर सुधारको लागि उपयुक्त उपाएको अवलम्बन नगरेको तथा सार्वजनिक निर्माण तथा खरिद कार्यको गुणस्तर निर्क्यौलको स्थिति कमजोर रहेको छ । लेखापरीक्षणको क्रममा त्यस कार्यालयले ७६ अंक प्राप्त गरी B ग्रेड को अंक भार पाएकोले ऐन नियमले तोकिएका कार्यशरु समयमै सम्पादन हुनेगरी वित्तीय व्यवस्थानको जवाफदेहिता तथा उत्तरदायित्व पालना गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४७.</td><td colspan="4">बेरुजू - झापा गाउँपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.१३ लाख ८६ हजार, अनियमित बेरुजू रु.१० लाख ३१ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु.७१ लाख ३६ हजार र पेश्की बाँकी देखिएको रु.३ लाख समेत रु.९८ लाख ५३ हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट रु.७ लाख ८ हजार फछ्र्यौट भई रु.९१ लाख ४५ हजार बेरुजू कायम भएको छ ।</td><td></td></tr>
<tr><td>४८.</td><td colspan="4">अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको बेरुजू रु.९ लाख ६० हजार फछ्र्यौट गरी गत वर्षको बांकी रहेको बेरुजू स्थिति निम्नानुसार देखिएको छ : (रु.हजारमा)</td><td></td></tr>
<tr><td></td><td>गत वर्षको बेरुजू रकम (रु.) (A)</td><td>यो वर्ष फछ्र्यौट (B)</td><td colspan="2">बाँकी (C= A-B)</td><td></td></tr>
<tr><td></td><td>२३५२</td><td>९६०</td><td colspan="2">१३९२</td><td></td></tr>
<tr><td>४९.</td><td colspan="4">अद्यावधिक बेरुजू स्थिति : बाह्रदही गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ : (रु.हजारमा)</td><td></td></tr>
<tr><td></td><td>गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C)</td><td>यो वर्षको सं प.बाट कायम बेरुजू रु. (D)</td><td>यो वर्षको कायम बेरुजू रु. (E)</td><td>बाँकी (F=C+D+E)</td><td></td></tr>
<tr><td></td><td>१३९२</td><td>०</td><td>९१४५</td><td>१०५३७</td><td></td></tr>
</table>

अनुसूची- १

# झापा गाउँपालिकाको यो वर्षको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७४।७५

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बांकी बेरुजू | | | बांकी बेरुजू | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | झापा | झापा गाउँपालिका | ३८ | १३ | ९८५३ | ० | ४ | ७०८ | ३८ | ९ | ९१४५ | १३४९ | १०३१ | ६४६५ | ० | ० | ७४७६ | ० | ३०० | ३०० |

अनुसूची-२

# स्थानीय तह सञ्चित कोष विवरण

## २०७४।७५

**प्रदेश नम्बर :- १**

(रु.हजारमा)

| क. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | झापा गाउँपालिका | झापा | ६१५६ | १९५८१९ | ८४३५० | ७७४१९ | ३५७५८८ | १५२६४९ | १७२७१० | १८०२५ | ३४३३८४ | २०३६० |